आज मिति २०८३/०२/२९ गतेका विहान ८:०० वजे यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको वैठक बसी तपशिल वमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :- श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :- श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :- श्री रुद्रमान गुरुङ(वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :- श्री चेत वहादुर गुरुङ(वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :- श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :- श्री वल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :- श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :- श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :- श्री तिल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :- श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :- श्री हरिशचन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :- श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :- श्री पूर्ण घले

कार्यपालिका सदस्य :- श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :- श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :- श्री सोम वहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :- श्री विज्ञान पौडेल

अन्य उपस्थिति :

प्रशासकीय अधिकृत :- श्री अर्जुन चपाई

लेखा अधिकृत :- श्री मनी राना मगर

ईन्जिनियर :- श्री सुरेश गौतम

मिति २०८३ जेष्ठ २९ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु

निर्णय नं. १ : अघिल्लो बैठकको समीक्षा तथा रिपोर्टिङ सम्बन्धमा ।

मिति २०८३/२/१२ को मर्स्याङदी गाउँपालिकाको गाउँ कार्यपालिकाको वैठकले गरेको निर्णयहरु कार्यान्वयनको अवस्था वारे यस वैठकमा समीक्षा गरियो । साथै वडाको कार्य प्रगति र वर्तमान अवस्था वारे वडा अध्यक्ष ज्यूहरुवाट रिपोर्टिङ भयो । समीक्षा र रिपोर्टिङ्गको क्रममा वैठकमा उठेका विषयहरुमा छलफल भयो । समग्र कार्य प्रगति सन्तोषजनक रहेको पाईयो ।

निर्णय नं. २ : आ.व.२०८३/०८४ को वडागत बजेट सम्बन्धमा ।

आ.व. २०८३/०८४ को लागि अनुमानित वजेट उपर छलफल भई सोहि वमोजिम देहाय वमोजिमको वडागत वजेटको सिलिङ निर्धारण गरि आगामी कार्यपालिकाको वैठकमा पुन छलफल गरि गाउँ सभामा पेश गर्ने गाउँपालिकाको गाउँकार्यपालिका वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

| क्र.स. | वडा नं. | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|
| 1 | वडा नं. १ | ४०,००,०००.०० | |
| 2 | वडा नं. २ | ४५,००,०००.०० | |
| 3 | वडा नं. ३ | ७०,००,०००.०० | |
| 4 | वडा नं. ४ | ५०,००,०००.०० | |
| 5 | वडा नं. ५ | ५०,००,०००.०० | |
| 6 | वडा नं. ६ | ५०,००,०००.०० | |
| 7 | वडा नं. ७ | ५५,००,०००.०० | |
| 8 | वडा नं. ८ | ४५,००,०००.०० | |
| 9 | वडा नं. ९ | ६५,००,०००.०० | |
| | जम्मा | ४,७०,००,०००.०० | |

**निर्णय नं. ३. मर्स्याङ्दी प्रवेशद्वारमा संस्कृति झल्किने कलात्मक बुट्टा प्रयोग गर्ने सम्बन्धमा :**

यस मर्स्याङ्दी गाउँपालिकाको सिमानामा निर्माण हुँदै गरेको मर्स्याङ्दी प्रवेशद्वारलाई थप कलात्मक र आकर्षक बनाउने उद्देश्यका साथ अत्याधुनिक प्रविधि 3D Raising Letter with LED Light Fitting, Letter 12" Height, CS Sheet 0.75 mm, Laser Cutting 1.8 mm CS Sheet Patterns को प्रयोग गरि उक्त प्रवेशद्वारमा कला र संस्कृति झल्किने सामग्री, आँखीझ्याल र भित्तेचित्र सहित थप सौन्दर्य बढाउन सकिने हुँदा उक्त कार्यको लागी जिल्ला दररेटमा सो बमोजिमका कार्यहरु समावेश नभएको र सो सम्बन्धी कार्य गर्ने फर्महरु बजारमा कम भएको हुनाले प्रचलीत बजार भाउ माग गरिएका ३ वटा फर्महरुको औषत दरलाई आधार मानी सो बमोजिम निर्माण कार्य गर्न अगाडी बढाउने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. ४. जिर्ण हुलाक कार्यालय भत्काउने सम्बन्धमा।**

मर्स्याङ्दी -३, खुदी स्थित पुरानो तत्कालिन ईलाका हुलाक कार्यालयले प्रयोग गरी छोडेको घर अत्यन्तै जिर्ण भई स्थानीयहरुको निम्ति जोखिम भएकोले उक्त भवन भत्काउन जरुरी देखिएको भनि स्थानीयहरुको माग भई आएको र उक्त घर कुनै पनि बेला भत्किन सक्ने भएको र जोखिम देखिएकोले भत्काउनको लागि अनुमति दिने निर्णय गरियो । साथै सोका लागि प्राविधिक ल.ई.को आधारमा लाग्ने खर्च रु. ४०,०००।- (चालिस हजार रुपैया मात्र) विविध कार्यक्रम खर्च (२२५२९) विपद् व्यवस्थापन कोष शिर्षकबाट भुक्तानी दिने समेत निर्णय गरियो ।

**निर्णय नं ५ : आर्थिक सहयोग सम्बन्धमा ।**

१. विविध कार्यक्रम खर्च (२२५२९) असक्त, असहाय, विपन्न सहायता कोष शिर्षकबाट निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।

क) सुब घले, मर्स्याङ्दी -५ रु. १,००,०००।- (एक लाख रुपैया मात्र) विपन्न, मुटुको रोगि मुटुको अप्रेसन गरेको र नियमित उपचार गरिरहनु पर्ने ।

ख) चित्र बहादुर खनाल, मर्स्याङ्दी -६ रु. १,००,०००।- (एक लाख रुपैया मात्र) विपन्न, मुटुको रोगि मुटुको अप्रेसन गरेको र नियमित उपचार गरिरहनु पर्ने ।

बिजय पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष



CamScanner